# 'बहुला काजीको सपना' नाटकमा पात्रविधान

❋डा. दुर्गाबहादुर घर्ती
durgagharti@gmail.com

**अध्ययनसार**

*नाटक अभिनयद्वारा प्रस्तुत हुने कला हो। विश्वजगत्मा रचना प्रकृतिजन्य र मानवनिर्मित गरी दुई प्रकारको हुन्छ। मानवद्वारा सिर्जना गरिएका कुरालाई कला भनिन्छ। कला मूलतः आनन्दसँग सम्बन्धित हुन्छ। आनन्द दैहिक र मानसिक प्रकारको हुन्छ। व्यावहारिक कलाले कायिक र ललित कलाले मानसिक सुख प्रदान गर्दछन्। सङ्गीत, चित्रकला, मूर्तिकला, साहित्य आदि ललितकला हुन्। नाटक साहित्यको एउटा विधा हो। यो जीवनजगत्को अनुकरण गरिने कला हो। त्यसमा पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ। पात्रका माध्यमद्वारा नै नाटकमा घटनाको विकास, सामाजिक परिस्थिति एवं विचारको प्रस्तुति सम्भव हुन्छ। त्यसका लागि नाटकमा पात्रको चयन र तिनको भूमिकामा विशेष ध्यान दिइएको हुन्छ। पात्रको चयन विभिन्न आधारमा गरिएको हुन्छ। पात्रलाई तिनका क्रियाकलाप, संवाद, अवस्थाका माध्यमद्वारा प्रस्तुत गरिएको हुन्छ। तिनै विभिन्न आधारमा 'बहुला काजीको सपना' नाटकका पात्रविधानको अध्ययन गरिएको छ। प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालय कार्यद्वारा गरिएको छ र पाठ विश्लेषण विधिद्वारा सामग्री विश्लेषण गरिएको छ। अध्ययनको सैद्धान्तिक ढाँचा नाटकको विधा सिद्धान्त हो। त्यसबाट पात्र विश्लेषणको अवधारणा निर्माण गरिएको छ। यस नाटकका पात्रहरू गरिबीको समस्यालाई देखाउनका लागि चयन गरिएका छन् र समाजबाट गरिबीको उन्मूलन हुनुपर्छ भन्ने कुरा पात्रहरूका माध्यमद्वारा प्रस्तुत अध्ययनको निष्कर्ष रहेको छ।*

**प्रमुख शब्दावली** : सपना, मानसिक सुख, पात्र, श्रव्यदृश्य, कार्यव्यापार।

**विषयपरिचय**

नेपाली साहित्यमा विजय मल्ल (वि.सं.१९८२–२०५६) बहुमुखी प्रतिभा हुन्। उनले कविता, कथा, उपन्यास, समीक्षा, नाट्य विधामा रचना गरेका छन्। उनका लागि नाट्य विधा ज्यादा उर्वर रहेको छ। उनले नेपाली नाटकमा नौला नौला शिल्प र पद्धति भित्र्याउने काम गरेका छन्। नेपाली नाटकको संवर्द्धनमा झन्डै आधा शताब्दी जति लामो समयसम्म उनको सक्रियता रहेको छ। वि.सं. २००१ सालमा 'राधा मान्दिन' एकाङ्कीबाट उठान भएको उनको नाट्यलेखनको यात्रामा 'बहुला काजीको सपना' पहिलो पूर्णाङ्की नाटक हो। यो वि.सं. २००४ मा लेखिएको र त्यसैताका मञ्चन भएको हो। पछि यो २०२४ सालमा *रूपरेखा* पत्रिकामा पहिलो पटक प्रकाशित भएको र २०२८ मा अन्य एकाङ्कीहरूसहित *बौलाहा काजीको सपना* (२०२८) मा सङ्गृहीत रहेको छ। उनका *कोही किन बर्बाद होस्* (२०१६), *जिउँदो लास* (२०१७), *भोलि के हुन्छ ?* (२०२२), *बहुला काजीको सपना* (२०२४), *स्मृतिको पर्खालभित्र* (२०४०), *मानिस र मुकुन्डो* (२०४०), *भूलैभूलको यथार्थ* (२०२८), *पहाड कथा* (२०२८), *दोभान* (२०३४), *भित्ते घडी* (२०४०)

❋ **लेखक त्रिविअन्तर्गत केन्द्रीय क्याम्पस कीर्तिपुरमा सहप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ।**

र *सृष्टि रोकिँदैन* (२०४८) एकाङ्कीसङ्ग्रह प्रकाशित छन् । उनका *स्वामी महाराज, त्याग तपस्या, ईश्वरको खोजमा, वीर कुश, जङ्गबहादुर कुँवर राणा* जस्ता पूर्णाङ्की नाटक अझै अप्रकाशित नै छन् भने कतिपय एकाङ्कीहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । *कुमारी, चण्डालिका, जाली रुमाल, पञ्चबुद्ध* जस्ता भावनाटकहरू पनि उनले लेखेको उल्लेख पाइने भए पनि ती कृति उपलब्ध हुन सकेका छैनन् । हेनरिक इब्सेन, एन्तोन चेखब, बर्तोल्ट ब्रेख्त, जोहन अगस्ट स्ट्रिन्डवर्ग आदिबाट प्रभावित मल्लका नाटकमा यथार्थवाद, मनोविश्लेषण, अतियथार्थवाद, अभिव्यञ्जनावाद, अस्तित्ववाद आदिको प्रयोग पाइन्छ । वस्तुतः उनका नाटक समस्यामूलक छन्, त्यसलाई देखाउने ढाँचा र पद्धति मात्र पृथक् छन् । ‘बहुला काजीको सपना’ पनि समस्यामूलक नाटक नै हो । यसमा गरिबीले उत्पन्न गरेको समस्यालाई प्रस्तुत गरिएको छ । त्यसलाई विभिन्न प्रकारका पात्रहरूका माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

**नाटकको पात्रविधानको सैद्धान्तिक परिचय**

पूर्वीय एवं पाश्चात्य साहित्यमा कविता र नाटक प्राचीनतम विधाका रूपमा देखापर्दछन् । कविताको प्रस्तुति लयदार कथन ढाँचामा र नाटकको प्रस्तुति अभिनयात्मक ढाँचामा हुने भएकाले कविताको रसास्वादन सुनेर अनि नाटकको रसास्वादन हेरेर गरिन्छ । त्यसैले विश्वनाथले कवितालाई श्रव्यकाव्य र नाटकलाई दृश्यकाव्य भनेर साहित्यको विधा विभाजन गरेका छन् (विश्वनाथ, सन् १९७७, पृ. १७०) । पछि विकसित भएका आख्यान र निबन्ध विधालाई पनि श्रव्यकाव्यअन्तर्गत नै राख्न सकिन्छ । नाटकमा श्रव्य र दृश्य दुवै तत्त्व हुने र जीवन जगत्को जीवन्त प्रस्तुति हुने भएकाले “काव्येषु नाटकम् रम्यम्” भनिन्छ । अन्य विधामा जस्तो समाख्याताद्वारा वर्णन गर्ने सुविधा नाटकमा हुँदैन । नाटकको विषय, भाव र विचार दर्शकसामु पुऱ्याउने माध्यम पात्र नै हो । त्यसैले पात्र नाटकको एउटा महत्त्वपूर्ण तत्त्व हो । पात्रका कार्य, संवाद, वेशभूषा आदि नाट्य प्रस्तुतिका आधार हुन् ।

नाटकसम्बन्धी प्राचीन कालदेखि नै विशद् अध्ययन भएको पाइन्छ । नाटकमा अभिनयद्वारा जीवनजगत्को अनुकरण गरिन्छ । त्यसैले पूर्वीय आदि नाट्याचार्य भरतमुनि यो नाट्य त यो सबै तिनै लोकको भावको अनुकरणले युक्त छ भन्दछन् (भरत, २०३९, पृ. ८) । उता पाश्चात्य साहित्यका आदि नाट्याचार्य अरिस्टोटल पनि भरतमुनि जस्तै नाटकलाई अनुकरण नै भन्दछन् । उनका विचारमा सुखान्तमा हीनतर चरित्रको र दुःखान्तमा गम्भीर कार्यको अनुकरण हुन्छ (अरिस्टोटल, सन् १९०२, पृ. २१ र २३) । त्यस्तो अनुकरण गर्ने अनुकर्ता नै पात्र हो ।

पूर्वीय तथा पाश्चात्य नाट्य मान्यतामा पात्रविधानलाई नाटकको दोस्रो महत्त्वपूर्ण तत्त्व मानेको पाइन्छ । संस्कृत नाट्यचिन्तक धनञ्जय “वस्तु नेता रसस्तेषां भेदक” (धनञ्जय, सन् २०००, पृ. ११) भनेर नाटकका प्रमुख तीन तत्त्वमध्ये कथानकपछि पात्रको उल्लेख गरेका छन् । अरिस्टोटल पात्र कार्यको सहयोगीका रूपमा आउँछ, घटना र कथानक नै दुःखान्तको मूल ध्येय हो भन्छन् (अरिस्टोटल, सन् १९०२, पृ. २७) । पहिलेका नाटक घटनाप्रधान हुने भएकाले कथानकलाई महत्त्व दिनु स्वाभाविकै हो । आधुनिक नाटक पात्रको मनोदशा, भाव र विचारको उद्घाटनमा केन्द्रित हुने भएकाले पात्रलाई सर्वाधिक महत्त्व दिइन्छ । पात्र

वास्तवमा नाटकको आधारभूत तत्त्व हो (हड्सन, सन् १९७९, पृ. १८७)। पात्रका क्रियाकलापद्वारा नै घटनाको सिर्जना हुन्छ। जीवनको प्रस्तुति पात्रका माध्यमबाट हुने भएकाले पात्र साहित्यका जीवन हुन् (बेनेट तथा रोयल, सन् २००४, पृ. ६०)। पात्रद्वारा प्रस्तुत गरिने जीवनजगत्‌को अनुकरणले नै नाटक जीवन्त बन्दछ।

नाटकको प्रयोजन पृथक् पृथक् हुन्छ र प्रयोजनसिद्धिका लागि विभिन्न प्रकारका पात्रहरूको उपस्थापन गरिएको हुन्छ। तिनको संयोजन वा व्यवस्थापनलाई पात्रविधान भनिन्छ। पूर्वीय नाट्य सिद्धान्तमा नायक, नायिका र तिनका सहायकको विस्तृत वर्णन पाइन्छ। विश्वनाथले प्रतिनायकको पनि चर्चा गरेका छन्। अरिस्टोटलले मूलतः सत्पात्र र असत् पात्रको चर्चा गरेका छन्। वास्तवमा नाटकमा अनेकथरी पात्रहरूको संयोजन गरिएको हुन्छ। पात्रविधानलाईलिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नतालाई लिन सकिन्छ (शर्मा, २०५५, पृ. ३९५–३९७)। लिङ्गका आधारमा नारीपात्र र पुरुषपात्र, कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्र, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल पात्र, स्वभावका आधारमा गतिशील र गतिहीन पात्र, जीवनचेतनाका आधारमा वर्गीय र वैयक्तिक पात्र, आबद्धताका आधारमा बद्ध र मुक्त पात्र, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य पात्र हुन्छन्।

नाटकमा पात्र प्रस्तुतिको मुख्य आधार पात्रको अभिनय नै हो। पात्रले अङ्ग सञ्चालन गरेर, बोलेर, वेशभूषा धारण गरेर र कम्पन, अश्रु, स्वेद आदिका माध्यमद्वारा मनका भाव प्रकट गरेर जीवन र जगत्‌को अनुकरण गर्दछ। त्यसैले अभिनय आङ्गिक, वाचिक, आहार्य एवं सात्त्विक गरी चार प्रकारको हुन्छ (विश्वनाथ, सन् १९७७, पृ. १७०)। नाटकमा जेजस्ता कुरा देखाउन खोजेको हो, ती कुरा पात्रका अभिनयद्वारा प्रस्तुत गरिन्छ। नाटक अभिनय कला भएकाले त्यसको वास्तविक रसास्वादन गर्न नाट्यमञ्चन नै हेर्नुपर्ने हुन्छ। पाठ्यसामग्रीका आधारमा पात्र प्रस्तुतीकरण हेर्दा पात्रको संवाद र नाटककारको रङ्गनिर्देशनमा भर पर्नुपर्ने हुन्छ। संवादद्वारा नाटकीय कार्यव्यापार, पात्रको विशेषता, परिवेश र नाटकीय विचार बुझ्न सकिन्छ। पात्रले संवादका माध्यमद्वारा आफ्ना कुरा पनि व्यक्त गर्दछ र अरूका बारेमा पनि बोलेको हुन्छ।

### 'बहुला काजीको सपना' नाटकमा कथानक र पात्रको अन्तर्सम्बन्ध

नाटकमा पात्रविधान प्रयोजनहीन हुँदैन। नाटकको कुनै न कुनै उद्देश्य हुन्छ र त्यसलाई पात्रका माध्यमद्वारा प्रस्तुत गरिन्छ। नाटक जीवनजगत्‌को अनुकरण हो र कथानक एवं पात्र अनुकरणका माध्यम हुन् (अरिस्टोटल, सन् १९०२, पृ. २५)। कथानक र पात्रका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ। कथानकले पात्र र तिनको क्रियाकलाप निर्धारण गर्छ र पात्रले घटनाको सिर्जना गर्छ। घटनाको संयोजन नै कथानक हो। त्यसैले पात्रविधानको अध्ययन नाटकीय घटनाको सन्दर्भमा गर्नुपर्ने हुन्छ।

'बहुला काजीको सपना' नाटकको कथानक जम्मा पाँच अङ्कमा फैलिएको छ। अङ्कहरू नै दृश्यका रूपमा रहेका छन्। प्रत्येक अङ्क एक एक प्रसङ्गका लागि आएका छन्। अङ्क विभाजन घटनाको विकास एवं परिस्थितिको सूचकका रूपमा गरिएको छ। सोही सन्दर्भमा विभिन्न पात्रहरूको उपस्थिति देखापर्दछ।

प्रस्तुत नाटकको पहिलो अङ्क नाटकीय कार्यव्यापारको आदि भाग हो। यसै अङ्कबाट नाटकीय घटनाको आरम्भ हुन्छ। यसमा नाटकका मुख्य पात्र, तिनीहरूको अवस्था र नाटकीय विचारपक्षको परिचय पाइनुका साथै भावी घटनाप्रतिको जिज्ञासा पनि उत्पन्न हुन्छ। समाजमा व्याप्त गरिबीको समस्या, त्यसको कारण र त्यसबाट मुक्तिको उपाय प्रस्तुत गर्ने ध्येयले लेखिएको यस नाटकको पहिलो अङ्कमा नै गरिबीको समस्या भोलिरहेका पात्रका रूपमा भक्ते, माने र बिरेलाई अनि गरिबीबाट मुक्तिको उपाय देखाउने पात्रका रूपमा बहुला काजीलाई उभ्याइएको छ। अङ्कको प्रारम्भमा दिइएको रङ्गमञ्च निर्देशनको सङ्केतले छिँडीमा बस्ने र भारी बोकेर जीविकोपार्जन गर्ने भक्तेको अवस्था उजागार गर्छ। बिरेले सहरका गुन्डाहरूको पछि लागेर पैसा माग्दै हिँडेको थाहा पाएर भक्तेले आफ्नो छोरा बिरेलाई कुट्दै गरेको अवस्थाबाट नाटकीय घटनाको आरम्भ भएको छ। छोरा त्यसरी लफङ्गा बनेर माग्दै हिँडेको, आफ्नो इज्जत फालिदिएको भनेर भक्ते रिसाएको छ। उसलाई मानेले केटाकेटीहरूलाई त्यसरी कुट्नु हुँदैन भनेर सम्भाउने क्रममा बहुला काजी त्यहाँ आउँछ र उनीहरूलाई सित्तैमा कसैसँग केही लिन नहुने अर्ती दिन्छ। उसले भक्ते, माने जस्ताले भोग्नुपरेको गरिबीको अन्त्य गर्नुपर्छ, त्यसका लागि शिक्षा आवश्यक पर्छ र बिरेलाई पढ्न पठाउनुपर्छ भन्छ। भावी घटनाप्रतिको चासो त्यहीँबाट प्रारम्भ हुन्छ।

दोस्रो अङ्कदेखि चौथो अङ्कसम्मको भाग नाटकीय घटनाको मध्य भाग हो। यो घटनाको विकास अवस्था हो। दोस्रो अङ्कमा बिरे विद्यालयमा पहिलो दिन पढ्न गएको देखाइएको छ। त्यहीँबाट नै नाटकीय द्वन्द्वको आरम्भ हुन्छ। धनी र गरिबबिचको वर्गीय विभेद यहीँबाट देख्न सकिन्छ। गरिब वर्गका रूपमा बिरे र धनी वर्गका रूपमा विक्रम, भरत, हरि, राम, बद्रीलगायतका विद्यार्थीहरू देखा पर्दछन्। भुत्रेभाम्रे, मैलो लुगा लगाएर पढ्न आएको बिरेलाई भरत, विक्रम र हरिले जिस्काउने, हेप्ने र सताएर रुवाउँछन्। बद्रीले मास्टरलाई त्यो कुरा सुनाउँछ र मास्टर कक्षामा आएर बिरेलाई कसले चलाएको भनी सोधपुछ गर्छ। हरिले आफूहरूलाई त्यस्तो फोहोरीसित सँगै बसेर पढ्ने मन नभएको कुरा बताउँछ। मास्टरले उनीहरूलाई पढाइ भनेको किताबका कुरा जानेर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्न पनि सक्नुपर्छ भन्छ। बिरेले डराएर नपढ्ने भने पनि मास्टरले उसलाई पढ्न आउनका लागि राम्रोसँग सम्भाउँछ।

नाटकमा तेस्रो अङ्क आठ नौ वर्षपछिको छ। पढ्ने अवसर पाए गरिबको सन्ततिले पनि अरूलाई उछिन्न सक्छ भन्ने कुरा यस अङ्कमा देखाइएको छ। विद्यालयको बाहिरी बाटोको पेटीमा बसेको भक्ते र हरिबिचको कुराकानीबाट वीरबहादुर कक्षामा प्रथम भएको बुभिन्छ। हरिले अभसम्म पनि बिरेलाई माग्ने जस्तो भन्न छोडेको छैन। त्यहीँ नै भक्ते र धनमान साहुको भेट हुन्छ। भक्तेको छोरो बिरे स्कुलमा पढ्दै गरेको थाहा पाएर धनमान साहुले उपहास गर्दै पढाएर पछुताउनुपर्ला भन्छ। मास्टरको कुराबाट बिरे तीक्ष्ण बुद्धि भएको र चाँडै म्याट्रिक उत्तीर्ण गर्न सक्ने कुरा थाहा पाइन्छ। यी प्रसङ्गबाट हरि र धनमान साहुको वर्गीय प्रवृत्ति स्पष्ट हुन्छ। शिक्षकको भनाइबाट बिरेको तीक्ष्ण बुद्धि र उसले पढाइमा गरेको प्रगति थाहा पाइन्छ। अङ्कको अन्त्यतिर बिरेका मिल्ने साथी बद्री र रामको भनाइबाट बिरेको लेखन प्रतिभा बुझ्न सकिन्छ। त्यसै क्रममा बिरेले तत्कालीन सामाजिक अवस्था र सामाजिक परिवर्तनसम्बन्धी विचार प्रकट गर्दछ।

नाटकको चौथो अङ्कमा पात्र र परिस्थिति बिचको द्वन्द्व प्रस्तुत गरिएको छ। त्यो परिस्थिति गरिबीकै कारणले जटिल बन्नपुगेको छ। बिरे टाइफाइडको ज्वरोले थला परेको छ, तर उपचार गर्न पैसा छैन। भक्तेले छोराको औषधोपचार गराउन सकेको छैन। अझ छोरा बिरामी भएर काममा जान नपाएर हातमुख जोर्न पनि नसकिने अवस्था भएको छ। धनमान साहुले भक्तेलाई तीन दिन काम गरेको ज्याला पनि दिएको छैन। खर्च नपुगेर बिरेको कोटसमेत बेच्नुपरेको छ। राम र बद्रीसँग बिरेले आफ्नो मृत्युको समय नजिक आएकाले बहुलाकाजीको सपना, माने र भक्तेको आशा चकनाचुर हुन लागेको कुरा व्यक्त गर्दछ।

पाँचौँ अङ्क नाटकीय कार्यव्यापारको अन्त्य भाग हो। यस अङ्कको प्रारम्भमै बिरेको मृत्यु भएको छ र पात्रमाथि परिस्थितिको अर्थात् गरिबीको जीत भएको देखाइएको छ। त्यसैबेला बहुला काजी आइपुग्छ र भक्तेलाई सान्त्वना दिँदै बिरेको मृत्युले आफ्नो सपना पूरा हुन नसके पनि अर्को सपनाको निर्माण गर्ने र गरिबीको जरो संसारबाटै हटाउने सङ्कल्प गर्दछ। त्यसले कारुणिक परिस्थितिमा केही मात्रामा आशाको सञ्चार हुन्छ र दुःखसुखान्तमा कथानकको अन्त्य हुन्छ।

**'बहुला काजीको सपना' नाटकमा पात्रको चयन**

'बहुला काजीको सपना' नाटकमा विभिन्न प्रकारका पात्रहरूको संयोजन गरिएको छ। प्रत्यक्ष रूपमा मञ्चमा देखापर्ने पात्रहरू पुरुष मात्र छन्। भक्ते, माने, बिरे, बहुला काजी, मास्टर, सेकेन्ड पण्डित, धनमान, विक्रम, राम, बद्री, भरत, हरि पुरुष पात्रका रूपमा प्रस्तुत भएका छन्। बिरेकी आमा, भुन्टी, कान्छीजस्ता नारी पात्रहरू प्रसङ्गवश नामोल्लेख मात्र हुने नेपथ्य पात्र हुन् र नाटकमा खासै भूमिका नभएकाले ती गौण पात्र हुन्। यस नाटकको विषयसूत्र गरिबीको समस्या नै मुख्य सामाजिक समस्या हो र गरिबीको उन्मूलन प्रमुख आवश्यकता हो। त्यो कुरा बहुला काजीको सपनाका रूपमा आएको छ। नाटकको शीर्षकले पनि त्यही सङ्केत गरेको छ। त्यसैले बहुला काजी यस नाटकको प्रमुख पात्र हो। नाटकीय कार्यव्यापारको मूल कारकका रूपमा रहेको बहुला काजी नाटकको केन्द्रीय विचार तत्त्वको संवाहक पनि हो। बहुला काजीको सपनासँग प्रत्यक्ष रूपमा जोडिएर आउने पात्र बिरे हो। नाटकको आदिदेखि अन्त्यसम्म उसको भूमिका रहेको छ। ऊ बहुला काजी, भक्ते, माने सबैको आशाको केन्द्र पनि हो। नाटकमा सामाजिक परिवर्तनको चाहना बहुला काजीका माध्यमबाट र त्यससम्बन्धी यथार्थ दृष्टिकोण बिरेका माध्यमबाट प्रस्तुत भएको छ। त्यसैले बिरेलाई पनि प्रमुख पात्र मान्नुपर्ने हुन्छ। अन्य पात्रको थोरै तर उल्लेखनीय भूमिका भएकाले ती सहायक पात्र हुन्। ती पात्रहरूमध्ये धनमान साहु, भरत, विक्रम र हरि नकारात्मक प्रवृत्ति भएका प्रतिकूल पात्र हुन् भने अन्य अनुकूल पात्र हुन्। यस नाटकमा बिरेबाहेक सबै पात्र सुरुदेखि अन्त्यसम्म एकै स्वभावका देखिन्छन्। बिरे भने विद्यालय जानुपूर्व र गएपश्चात् भिन्न देखापर्दछ। त्यसैले ऊ गतिशील पात्र हो। बहुला काजी र बिरेबाहेक अन्य पात्र वर्गीय प्रकारका छन्। बहुला काजी आदर्श भावनाले प्रेरित विशिष्ट पात्र हो भने बिरे अत्यन्त मेधावी तर कालकवलित पात्र हो जसले अन्य कुनै वर्गविशेषको प्रतिनिधित्व गर्दैन। यस नाटकमा पात्र चयनमा अरिस्टोटलको सम्भाव्यता र आवश्यकताको नियमलाई पालन गरेको देखिन्छ। कुनै न कुनै भाव, विचार वा परिस्थिति बुझाउनका लागि पात्रको संयोजन गरिएकाले पात्रहरू बद्ध प्रकारका छन्।

**'बहुला काजीको सपना' नाटकमा पात्रको चारित्रिक विशेषता**

'बहुला काजीको सपना' नाटकमा विभिन्न प्रकारका पात्रहरूको उपस्थिति रहेको छ। तिनको अवस्था, चारित्रिक विशेषता एवं विचार मूलतः ती आफैले व्यक्त गरेका कुरा र अंशतः तिनका बारेमा अरू पात्रले भनेका कुराबाट बुझ्न सकिन्छ। त्यसैले यस नाटकमा संवाद नै पात्र प्रस्तुतिको मुख्य आधार बनेको छ। त्यसका साथै रङ्गमञ्च सज्जा, पात्रको आङ्गिक, सात्त्विक एवं आहार्य अभिनयको निर्देशनले पनि पात्रका बारेमा धेरै कुरा थाहा पाउन सकिन्छ।

***बहुला काजी***

बहुला काजी प्रस्तुत नाटकको केन्द्रीय पात्र हो। ऊ नाटकीय कार्यव्यापारको मुख्य कारक एवं मूल विचारको संवाहकका रूपमा देखापरेको छ। उसको सपना नै नाटकीय विषयसूत्रका रूपमा आएको छ।

बहुला काजी वास्तवमा बहुला नभएर चिन्तनशील देखापर्दछ। उसका दृष्टिमा समाजमा व्याप्त गरिबी नै सबैभन्दा ठुलो समस्या हो; गरिबीले नै मान्छेलाई माग्ने बनाउँछ, चोर बनाउँछ। मागेर हिँडेको भनी छोरालाई कुट्दै गरेको भक्तेलाई सम्झाउँदै मानेले भनेको छ– "तँ कुरै बुझ्दैनस्। लौ भन् त, हाम्रा हातगोडा निकम्मा भो भने, हामीलाई पनि नमागी सुख होला ? बहुला काजीले अस्ति भनेको कुरा सम्झेर ले त। उल्ले साँच्ची हाम्रो कुरा बुझेको हो। भनेको भनेको ठिक्क हुन आउँछ। अरू सित्तै बहुला भन्छन्" (पृ. ५)। यस भनाइबाट बहुला काजी र उसका धारणाको केही परिचय मिल्दछ।

बहुला काजी श्रमको सम्मान गर्ने व्यक्ति हो। भक्ते र मानेलाई भेट्ने बित्तिकै उसले "काम गरेर, पसिना चुहाएर, न्यायसित पैसा कमायौ तिमीहरूले ?" (पृ. ६) भनेर सोध्छ। स्वावलम्बी भएर बाँच्न सिकाउने काजी केही नगरी कसैसँग सित्तैमा केही पनि लिनु हुँदैन भन्ने मान्यता राख्दछ। "काम नगरी कसैको कहिल्यै क्यै नखानू। ईश्वरसित पनि हात फैलाएर क्यै नमाग्नू। आमाबाबुसित पनि आफूले क्यै नगरी क्यै नलिनू। भगवान्लाई कहिल्यै घुस ख्वाएर पुकारा नगर्नू। यी चार सत्य सम्झनू माने ! यी चार सत्य कण्ठ पारेर घोक्नू भक्ते !" (पृ. ६) भन्ने उसका उपदेश छन्। काम गर्नेले माम खान पाउनुपर्छ, काम नगरेर बसीबसी कसैले खान पाउनु हुँदैन भन्ने उसको धारणा छ। उसले भनेको छ– "जसले पसिना चुहाई चुहाई काम गर्नेछ, त्यसको पेटमा खुब दूध-भात कोचिदिने। काम नगरी खान खोज्नेलाई, ल्वाप्पा ख्वाउने। यस्तो स्वर्ग बनाउँछु, बुझ्यौ ?" (पृ. ७)। उसको विचार काम गर्ने भोकै रहनुपर्ने र काम नगर्नेले चाहिँ सबै सुख सुविधा पाउने हाम्रो समाजको स्थितिभन्दा विपरीत छ।

बहुला काजी भक्ते, माने जस्ता भरिया जीवन व्यतित गरिरहेका व्यक्तिहरूलाई भेदभाव नगर्ने बरु तिनीहरू गएर राम्रा कुरा सिकाउने, चेतना जगाउने कुरा गर्ने, मानव सेवामा समर्पित एवं गरिबीको अन्त्य गरेर सबै मान्छे सुखी भएको देख्न चाहने मानवतावादी भावना भएको पात्र हो। मानवतावाद भनेको मान्छेलाई नै महत्त्व दिने र स्वतन्त्रता, समानता र भ्रातृत्वका आधारमा मान्छेको कल्याण चाहने सिद्धान्त हो। "भक्ते, अब म मन्दिर मन्दिर धाउन्नँ। आज एक जनालाई घाट लगिदिएँ, मर्न लागेकी एउटी आइमाईलाई औषधी पियाइ दिएँ। एउटा बच्चालाई अस्पतालमा पुऱ्याएर फर्कें। तीन जनालाई स्कुलमा छोडिदिएँ, लत्याइदिएँ। बचाउने

पनि, मन लागेकालाई स्वर्गमा तातात्तै पुऱ्याइ पनि दिने" (पृ. ६–७) भन्ने बहुला काजी मानवतावादी विचारबाट प्रेरित छ। मानवतावादी सिद्धान्त आदर्शवादी प्रकारको छ। मात्र फरक के छ भने मानवतावादमा मानवको सर्वोच्चतालाई मात्र स्विकारिन्छ, त्यहाँ देवतालाई स्थान छैन। मानवको कल्याण नै मानवतावादको मूल ध्येय हो। "जति सक्यो उति सारालाई सुखी तुल्याउने। संसारका सबै कुराहरू थाहा पाएर सारा मनुष्यको भलो गर्ने। खुब खुवाउने सबैलाई, कसैलाई खुब ठुल-ठुलो घर बनाइदिने। कसैलाई लत्ता-कपडाले पुरि नै दिने। कसैलाई मोटरमा दौडाउने, दौडाइ मात्र रहने" (पृ. ७) भन्ने भनाइबाट बहुला काजी मानववादी भावना भएको पात्रका रूपमा देखापर्दछ ।

बहुला काजी परिवर्तन चाहने पात्र हो। सामाजिक परिवर्तन नै उसको मूल ध्येय हो र सामाजिक परिवर्तन भनेको गरिबीबाट मुक्ति हो। परिवर्तनका लागि चेतना हुनुपर्छ। त्यसैले उसले भक्ते, माने जस्ता अशिक्षित व्यक्तिहरूलाई संसारमा हरेक कुरा परिवर्तनशील छ, कुनै कुरा पनि सधैँ उही रूपमा नरहने हुनाले सामाजिक व्यवस्था पनि सधैँ उस्तै रहँदैन, त्यसको परिवर्तन हुन हुन सक्छ भन्ने कुराको बोध गराएको छ। काजीको सामाजिक परिवर्तनको सपना यस्तो छ– "यस्तो छिँडीलाई भत्काएर यस ठाउँमा स्वर्ग बनाउने। तिमीहरूलाई अनि दुःखले छुन आउन सक्ने छैन। तिमीहरूलाई बासी भात निस्तै खानुपर्ने छैन" (पृ. ७)। जसलाई जुन जुन कुराको अभाव छ, ती कुरा पुऱ्याइदिने; भक्ते, माने जस्ता गरिबहरू बस्ने छिँडी भत्काएर स्वर्ग बनाउने काजीको जुन सपना छ, त्यो भावुक र काल्पनिक प्रकारको छ।

बहुला काजीले शिक्षालाई बढी जोड दिएको छ। गरिबी उन्मूलनका लागि चेतनाको खाँचो पर्दछ र चेतनाको आधार शिक्षा हो। त्यसैले बहुला काजीले बिरेलाई पढ्न पठाउन जोड गरेको छ। पढेपछि बिरेले गरिबीबाट मुक्तिको उपाय जान्नेछ र समाजमा परिवर्तन ल्याउनेछ भन्ने नै उसको सपना हो। उसले भक्तेलाई भन्छ :

> यो तेरो छोरा हैन, देशको छोरो हो। यसलाई लायक बनाएर, संसारलाई स्वर्ग बनाउने कर्मी बनाउनुपर्छ। बुझ्यौ ? नकर्मी, सिकर्मी, डकर्मी, सबै। खुब प्रयत्नसित खुब मेहनतसित। यस्तो भरिया जीवनलाई उच्चाएर विकासतिर बढाएर हाँक्ने एउटा योग्य जवान चाहिन्छ। यो तेरो छोरा, त्यो हुनेछ। एउटा विद्वान्, कुशल, चाहिएको छ, यो तेरो छोरा हुनेछ। एउटा वीर चाहिन्छ, यो तेरो बिरे हुनेछ" (पृ. ८)। शिक्षा नै समृद्धिको प्रमुख आधार हो भन्ने धारणा "तिमीहरूको भोक र क्षुधाको मुक्तिकर्ता, तिमीहरूको गरिबीको नष्टकर्ता, त्यो स्वयं सपनाको सृष्टिकर्ता हुनेछ। (पृ. ९)

बहुला काजी विद्रोही पनि देखापर्दछ। औषधोपचार नपाएर बिरेको मृत्यु भएपछि उसले विद्रोहको भावना व्यक्त गर्दछ। उसले बाँच्न पाउनु सबैको नैसर्गिक अधिकार हो र बाँच्नका लागि परिआए जे पनि गर्नुपर्दछ भन्दछ– "अँ, पहिले पैसा नभए माग्नुपर्थ्यो। मागेर पनि कसैले सोझो मुखले नदिएको भए, यतिका सहरका घरहरू छँदै थिए नि, घनले ठोकेर, खोसेर, चोरेर भए पनि ल्याउनुपर्थ्यो।" (पृ. ३५–३६)। गरिबीलाई सहेर बस्नु हुन्न भन्ने उसको धारणा छ। उसले "कसैले बिराएको हैन भक्ते, हामीले गरिबीलाई सहनु नै बिराउनु थियो, महापाप थियो" (पृ. ३६) भन्छ।

बहुला काजी आशावादी देखिन्छ। बिरेको मृत्युले आफ्नो सपना चकनाचुर भए पनि ऊ निराश र हतास भएको छैन, बरु भक्तेलाई हरेश नखान सम्झाएको छ। समाजबाट गरिबीको जरा उखलेर फ्याँक्ने आफ्नो मूल लक्ष्यप्रति ऊ दृढ र आशावादी छ। नाटकको अन्त्यमा उसले भन्छ :

> फिक्री नले, म अर्को सपना सिर्जना गर्छु, गरिबीलाई संसारबाट टाढा मिल्काउँछु, बुझिस् भक्ते, गरिबीलाई म मिल्काइछाड्छु, पन्छाइछाड्छु। पन्छाउने काममा बाधा मान्छे हुन्छ भने म त्यसको दुस्मन हुन्छु, त्यसैसित लड्छु, रोकिन्नँ। बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु। मूर्ख हुन्छु, पछि हट्दिनँ, गरिबीका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, दब्दिनँ, नरो भक्ते ! संसारले एक दिन सुखी हुनु छ। कसैले रोक्न सक्तैन (पृ. ३७)।

**बिरे**

बिरे वीरबहादुर नाम शब्दको अनादर रूप हो। भक्ते, माने, बिरे जस्ता निम्न वर्गीय पात्रहरू नामको अनादर रूपबाट नै सम्बोधित छन्। यस नाटकमा बिरेका दुई अवस्था देखापर्दछन्, पहिलो अल्लारे भएर बरालिन लागेको र अर्को शैक्षिक र बौद्धिक उन्नति गर्दै गएको। ऊ बहुला काजीको सपनाको आधार हो, भक्ते र मानेका आशा र भरोशाको केन्द्र हो।

बिरे पहिले मागेर हिंड्न थालेको देखिन्छ भने पढ्न गएपछि प्रतिभाशाली एवं मेधावी पात्रका रूपमा देखापर्दछ। बहुला काजीको प्रेरणाले विद्यालय जाँदा केही विद्यार्थीहरूले फोहोरी, माग्ने जस्तो भनेर हप्काउने र सताउने गरेपछि नपढ्ने भने पनि मास्टरले राम्ररी सम्झाएपछि उसले पढाइलेखाइमा राम्रो प्रगति गर्छ। भक्तेले हरिसँग “हैन, मेरो छोरा ‘वीरबहादुर।’ पहिलो हुने के !” (पृ. १७) भन्नुबाट बिरे अब्बल विद्यार्थी रहेछ भन्ने स्पष्ट हुन्छ। मास्टरले भक्तेलाई “त्यो त वीरै भइहाल्यो नि। राम्ररी पढ्दै छ, यो भनिरहनै पर्दैन। अब हेर्नू चाँडै म्याट्रिक पास गर्नेछ” (पृ. १८) भन्नु र रामले “तिम्रो प्रबन्धको कुरा गरिरहेको। बद्रीले त गोर्कीलाई पो झलक्क सम्झेछ” (पृ. २०) भन्नुबाट उसको प्रतिभा बुझ्न सकिन्छ।

बिरे बौद्धिक पात्र हो। उसले नेपाली समाजको अवस्था एवं विश्वका चर्चित क्रान्तिको यथार्थ विश्लेषण गरेको छ। उसले नेपाली समाजमा परिवर्तनको चेतना नै जागृत हुन नसकेको, परिवर्तनका लागि सक्रियता नै देखा नपरेको कुरातर्फ सङ्केत गर्दै भन्छ :

> मलाई ख्वै आफू मात्र मुर्दा लागेको हो कि अथवा देशै मुर्दा हो। क्यै नवीनता, क्यै नयाँपन जीवनमा दैख्तै देख्तिनँ। किताब हेरुन्ज्याल सबै ठीक लाग्छ। आफ्नो वास्तवमा यसो नियालेर हेर्‍यो– उही उही। साँच्ची अनादिकालदेखि चलिआएको यो हाम्रो समाजमा क्यै चेन्ज हुँदैन कि। हाम्रो दशा त सधैँ उही छ, सधैँ उही छ। भोकाका भोकै, नाङ्गाका नाङ्गै (पृ. २१)।

मुर्दा भनेको गतिहीन, चेतनाहीन कुरा हो। परम्परागत मूल्य मान्यतालाई अँगाल्ने र नयाँ दिशाको खोजी नगर्ने, नयाँ कुरा सोच्न नसक्ने हुँदा उसले सबैललाई मुर्दा ठानेको हो। परम्परागत मान्यताले वर्गीय विभेद उब्जाएको छ, जसले गर्दा एउटा वर्ग सधैँ धनी र अर्को वर्ग सधैँ गरिब भइरहन्छ। समानतामा आधारित समाजका बारेमा कसैले सोच्न सकेका छैनन्। परिवर्तनका लागि भएका विश्वका ठुलाठुला क्रान्तिहरू पनि खासै प्रभावकारी

बन्न सकेनन् । ती क्षणिक आवेश र भावुकतामा मात्र सीमित रहे, समस्याको चुरोमा पुग्न सकेनन् । बिरेले भन्छ :

> समाजको दुःखको अन्त न कागजमा कोर्दैमा हुँदो रहेछ, न बोल्दैमा मात्र । यसको लागि त समाजको जरादेखि नै परिवर्तन गर्नुपर्छ । ख्वै फ्रान्सको त्यो उच्च आदर्श, ख्वै अमेरिकनहरूको स्वाधीनताको सङ्ग्राम । एक हुरी आयो, सतहमा गोलमान मच्चियो, फेरि उस्ताको उस्तै, फेरि बाटैमा तिनीहरू अलमलिए । हब्सीहरू कालाका कालै रहे । गरिबहरू भोकाका भोकै । हिन्दुस्तानमा अछुत अछुतै, स्वार्थ जस्ताको तस्तै । (Equality, Fraternity, Liberty) समानता, भ्रातृत्व, स्वाधीनता, शब्दको शब्दै ! अस्पष्ट (Vague) (पृ. २०–२१)।

समानता, स्वतन्त्रता र भ्रातृत्व जस्ता कुरा मानवतावादका मूल मान्यता हुन्, तर ती आदर्श मात्र भएकाले ती कुरा यथार्थमा लागू हुन सकेनन् । आफू चरम गरिबीमा बाँच्नुपरेको, समाजमा परिवर्तनको चेतना नै नजागेको र परिर्वतनका लागि गरिने क्रान्ति पनि सतही मात्र हुने भएकाले बिरे निराशावादी देखिन्छ :

> निराश, निराश हुन त मन छैन । तर परिस्थिति यस्तो आइपर्छ विवश भएर नसही सुख छैन । नत्र हेर त, यस्तो गरिबी हालत छ, नसहेर अहिले के गर्नु ? पछि हुने कुरालाई त हामी अहिले सपनासम्म मात्र भन्न सक्छौँ । त्यो धेरै टाढाको कुरा छ । यो नहुन्जेल कष्ट कष्टै हो, दुःख दुःखै हो (पृ. ३०)।

सामाजिक परिवर्तनको सुदूर भविष्य कल्पना र सम्भावना मात्र हो । प्रस्तुत नाटकमा बिरेले यथार्थको प्रतिनिनिधित्व गर्दछ । उसका विचार र जीवन भोगाइ यथार्थपरक छन् । बहुला काजीको सपना भावुकता र आदर्शमा आधारित छ, त्यसमा भक्ते र माने पनि आशावादी छन् । तर त्यसको यथार्थ बिरेले बुझेको छ । उसले भनेको छ :

> ती कुराहरू आज सम्झन्छु, बहुला काजीले देखेको सपना ... तिनीहरूको विश्वास, तिनीहरूको आशा कस्तो मामुली धागोमा झुन्डिएको छ । एक किसिमले हाँसो उठ्छ, एक किसिमले माया लाग्छ, दया लाग्छ । म एक जनाले पढिदिने बित्तिकै यस्तो गरिबी रफ्फुचक्कर हुन्छ रे, म एक जनाले क्यै गर्ने बित्तिकै संसार स्वर्ग बन्छ रे, बिचराहरू ! (पृ. ३०) ।

बिरेले भोगेको यथार्थ गरिबी हो भने गरिबीबाट मुक्ति बहुला काजीको सपना हो । गरिबीका कारण बिरेको मृत्यु हुन्छ । त्यो यथार्थको जीत हो । त्यसमा आदर्श र भावुकताको पराजय भएको छ, बिरेको मृत्युसँगै बहुला काजीको सपना चकनाचुर भएको छ ।

**अन्य पात्रहरू**

भक्ते र माने दुवै शहरको एउटा घरको छिँडीमा बस्ने गरिब भरिया हुन् । उनीहरू अशिक्षित तर परिश्रमी, इमान्दार र स्वाभिमानी छन् । बिरेले माग्दै हिँडेको देखेर क्रुद्ध बनेको भक्तेले भन्छ– "हेर् त माने, कहाँसम्म मेरो इज्जत बेचिदिएको । क्यै नभए पनि कसैको ढोकामा ढुकेर एक मुठी देओ बा भनेर त हात पसाऱ्या' छैन हामीले । आफ्नो यो हातले सकुन्जेल कमाएकै छ, खाएकै छ । अब त्यसरी मागेर हिँडेपछि, म सहन सक्थेँ ! (पृ. ४) । यसबाट भक्तेको स्वाभिमानी विचार स्पष्ट झल्किन्छ । भक्ते, माने जस्तालाई

ज्यालामजदुरी गरेर जसोतसो जीविकोपार्जन गर्नुबाहेक अरू केही ज्ञान छैन। छोरालाई पढाउन पठाउनुपर्छ भन्ने कुरा भक्तेलाई थाहा नै छैन, बहुला काजीले पढ्न पठाउनुपर्छ भनेपछि मात्र उसमा उत्सुकता बढेको छ। बिरेको मृत्युसँगै भक्ते र मानेको आशा र सपना पनि भताभुङ्ग भएको छ।

भरत, विक्रम र हरि बिरेलाई हेप्ने, दुःख दिने, घृणा गर्ने पात्र हुन्। बिरे पढ्न गएको पहिलो दिन भरतले "यस्तो फोहोरी मैलो घिनलाग्दो माग्ने जस्तोसित टाँसिएर पढिरहनुपर्ला, हैन के ? यसलाई यसै गरेर तर्साएर पठाउनुपर्छ। छिः छिः नोकर जस्तो मानिस" (पृ. १३) भन्छ। विक्रमले "हैन, किन डराउने भरत, झुत्रेसित बसेर नपढ्ने भन्ने के ! म त पढ्दिनँ, त्यस्तो ठसठसी गह्नाउने झुत्रेसित" (पृ. १४) भन्छ। हरिले मास्टरसँग "त्यस्तो फोहोरीसित बसेर हामीलाई पढ्न मन छैन। त्यस्तो माग्नेसित। त्यस्तो ठसठसी गह्नाउनेसित टाँसिएर जोडिएर बस्न हामीलाई मन छैन। हामीले पनि त पैसा तिरेका हौँ नि" (पृ. १५) भन्छ। पछि पनि हरिले भक्तेसँग "को बिरे ? ए ! त्यो माग्ने जस्तो ?" (पृ. १७) भन्छ। उनीहरूमा पनि वर्गीय चेतना रहेको छ र गरिबप्रति हेय भाव देखापर्दछ।

मास्टर पढेर जानेका कुरालाई व्यवहारमा उतार्न सक्नुपर्छ भन्ने ज्ञान दिने पात्र हो। पहिलो दिन विद्यालयमा पढ्न गएको बिरेलाई भरत, हरि, विक्रमहरूले दुःख दिएको थाहा पाएर उसले उनीहरूलाई सम्झाउँदै भनेको छ– "यतिका दिन पढेर तिमीहरूले साथीहरूसित कसरी व्यवहार गर्नुपर्छ त्यो पनि जानेका रहेनछौ। यतिका पढेर यतिका गुनेर एउटा निर्धोमाथि दया गर्नुपर्छ भन्ने मामुली कुरा पनि सिकेका रहेनछौ। ... पढ्नु भनेको बुझिराख, मनले सम्झिराख, मानिससित मानिसले कस्तो व्यवहार गर्नुपर्छ त्यो जान्नु हो। घोकि मात्र राख्ने हैन यो, यसलाई यस्तै मौकामा कामले गरी देखाउनुपर्छ" (पृ. १५–१६)। मास्टरले बिरे जस्तो गरिब केटोलाई पढ्नका लागि प्रेरित गरेको छ।

धनमान साहु निर्दयी, स्वार्थी र नकारात्मक प्रवृत्तिको पात्रका रूपमा देखापर्दछ। भक्तेको छोरो बिरे पनि विद्यालयमा पढ्छ भन्ने सुनेपछि उसले भक्तेलाई भन्छ–"अहो, तेरो छोरा पनि स्कुलमा पढ्छ ? तँ पनि छोरालाई पढाउने भइस् हँ ? छोरालाई पढाएर के गर्छस्, कलम समाएर के हुन्छ ? भारी बोक्न जान्दैन क्यारे। तिमीहरूले भारी बोक्न छाडेपछि भारी बोक्ने को नि ? बुझिस् ?, पछि पछुताउनुपर्ला !" (पृ. १८–१९)। उसको भनाइ बदनियतपूर्ण छ। गरिब गरिब नै रहनुपर्छ, उनीहरूले मेहनत मजदुरी गर्नुपर्छ, सुखसुविधा धनीले मात्र पाउनुपर्छ भन्ने धारणा उसको रहेको छ। पढेलेखेपछि मान्छे चेतनशील हुन्छ र आफूहरूले भोग्नुपरेको विभेद र अत्याचार थाहा पाउँछन् भन्ने डर पनि उसमा रहेको छ। अरूलाई काममा लगाउने तर ज्याला दिन आलटाल गर्ने शोषक प्रवृत्ति पनि उसमा देखापर्दछ। बिरे बिरामी भएर ओछ्यान पर्दा औषधोपचार र खानाका लागि समेत अभाव भइरहेको बेलामा भक्तेले मानेसँग भनेको छ– "धनमान साहुसित, मेरो तीन दिनको ज्याला त्यसै बाँकी छ, भोलि भोलि गर्दागर्दै खै, धरना बसेर ल्याउनुपर्छ त्याँ' त। अर्काको पीर, मर्का नबुझ्ने" (पृ. २४)। त्यस्तो बेलामा सहयोग गर्नु त परै जाओस्, दिनुपर्ने ज्याला पनि नदिने ऊ निर्दयी एवं मानवीय भावना नभएको पात्र हो।

**निष्कर्ष**

'बहुला काजीको सपना' विचारप्रधान नाटक हो। विचार प्रतिपादनका लागि विभिन्न पात्रहरूको संयोजन गरिएको छ। पात्र चयन एवं तिनको प्रस्तुति सम्भावना र आवश्यकताको नियममा आधारित रहेकाले ती औचित्यपूर्ण रहेका छन्। प्रस्तुत नाटकमा सामाजिक समस्या देखाउने र त्यसको समाधानको उपाय खोज्ने मुख्य उद्देश्यअनुरूप पात्रहरू आएका छन्। पात्रहरू जीवनअनुरूप भएकाले ती स्वाभाविक रहेका छन्। पात्रका भोगाइ, तिनका क्रियाकलाप एवं तिनका संवाद नेपाली समाजअनुरूपका छन्। पात्रप्रस्तुति मूलतः संवादका माध्यमद्वारा अंशतः नाटककारको नाट्यनिर्देशनद्वारा गरिएको छ। समाजमा व्याप्त गरिबीको समस्या देखाउन र गरिबीको समस्या उन्मुलनको उपाय खोज्न पात्रको चयन र पात्रको प्रस्तुतीकरण सफल रहेको छ। यस नाटकलाई सफल बनाउने तत्त्वमध्ये पात्रविधान पनि एक हो।

**सन्दर्भ सामग्रीसूची**

धनञ्जय (२०००). *दशरूपकम्* (रामजी उपाध्याय, टीका तथा सम्पा.). भारतीय विद्या संस्थान।

भरत (२०३९). *नाट्यशास्त्र* (गोविन्दप्रसाद भट्टराई, अनु.). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

मल्ल, विजय (२०४८). *बौलाहा काजीको सपना* (चौथो संस्क.). साझा प्रकाशन।

विश्वनाथ (१९७७). *साहित्यदर्पण* (नवौँ संस्क.). मोतीलाल बनारसीदास।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

Aristotle (1902).*The Poetics of Aristotle* (S. H. Butcher, Ed. & Trans., 3rd ed.). Macmillan and Co., Limited.

Bennett, A. & Royle, N.(2004). *Introduction to Literature, Criticism and Theory* (3rd ed.). Pearson Education Limited.

Hudson, W. H.(1979).*An Introduction to the Study of Literature*.Kalyani Publishers.